# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बर्बोटे, गुल्मी

प.सं.:२०८१/०८२
च.न.:

लुम्बिनी प्रदेश, नेपाल

### प्रस्ताव आव्हानको सूचना ।

प्रथम पटक प्रकाशन मिति : २०८२/०१/०३

प्रस्तुत विषयमा यस कार्यालयको आ.व २०८१/०८२ को वार्षिक स्वीकृत संघीय-शसर्त अनुदान कार्यक्रम अन्तर्गत "बाखा स्रोत केन्द्र कार्यक्रम" संचालन गर्नुपर्ने भएकोले "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि,२०८१" बमोजिम देहायका कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक कृषक/समूह/समिति/सहकारी/सङ्घ/संस्था/कम्पनी/फार्म/निजी उद्यमीहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | सङ्ख्या | अनुदान रकम रू | कार्यक्रम लागु हुने क्षेत्र | लक्षित वर्ग समुदाय |
|---|---|---|---|---|---|
| १. | बाखा स्रोत केन्द्र कार्यक्रम | १ | ५ लाख | धुर्कोट गाउँपालिका | कृषक/समूह/समिति/सहकारी/सङ्घ/संस्था/कम्पनी/फार्म/निजी उद्यमीहरू |

**आवश्यक कागजातहरु**

१.अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजना ।
२.अनुसूची-३ वमोजिमको निवेदन ।
३.निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
४.आवेदक सम्वन्धित सरकारी निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपी ।
५.कार्ययोजना अनुरुपको योग्यता, तालिम र अनुभव जनाउने कागजात ।
६.सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपी ।
७. सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी ।
८.निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपी ।
९.कृषक समूह/समिति/ सहकारी/संस्था/कम्पनीले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपी ।
१०.कृषक समूह/समिति/ सहकारी/संस्था/कम्पनीका कार्य समितिका पदाधिकारीहरुको नामावली ।
११.यसै प्रकृतिको कार्यका लागि विगत २ वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र ।

नि.प्रमुख प्रशासकीय अधिकृत

**Note:** आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यलयको वेवसाइट **moald.gov.np** बाट डउनलोड गर्न वा कार्यालयबाट प्रप्त गर्न सक्नेछन्। थप जानकारीका लागि फोन नं ९८६३८९३४३४ मा सम्पर्क गर्नुहुन अनुरोध छ।



CamScanner